Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

संघिय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

आभा खबर
साप्ताहिकको सह-प्रकाशन

मुलुकी दैनिकको नयाँ विज्ञापन दर

आवरण पृष्ठः प्रति सेमिकोलम ५००/-
भित्रि पृष्ठः प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठः प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुराः ४५,०००/-
अन्तिम पृष्ठ पुराः ६०,०००/-
आवरण पृष्ठ आधाः ३५,०००/-
ज्याकेटः ७५,०००/-
नोटः रु.२०,०००/- भन्दा माथिको बीलमा मूल्य अभिबृद्धि कर जोडिनेछ

■ बर्ष-१६, ▶▶ अंक २८४ ▶▶ बैशाख २० गते सोमबार,२०७८ ■ May - 3 Monday, 2021 ▶▶ यलेदुङ किरात सम्वत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/-

## भूमि व्यवस्थापन समितिमा कर्मचारी खोई ?

❖ महेश्वर चामलिङ

*उदयपुर, वैशाख १९*

झण्डै ३ महिनाअघि गठन भएको सुकुम्बासी, अव्यवस्थित तथा भूमिहीनलाई जमिन व्यवस्थापन गर्न गठित 'जिल्ला भूमिसम्बन्धी समस्या समाधान समिति'मा सरकारले अझै कर्मचारी पठाएको छैन । कर्मचारी नभएका कारण समितिले कामलाई तिब्रता दिन नसकेको जनाएको छ ।




अव्यवस्थित जमिनको टुंगो लगाउँदै धनीपुर्जा बितरणसम्मको अधिकारसहित गत माघ अन्तिम सातादेखि काम थाले पनि कर्मचारी अभावमा सोँचेजस्तो काम अघि बढाउन नसकेको भूमिसम्बन्धी समस्या समाधान समिति उदयपुरका अध्यक्ष गोपाल खत्रीले बताए । उनका अनुसार 'भूमिसम्बन्धी समस्या समाधान आयोग गठन आदेश ०७६' अनुसार गठित जिल्ला समितिले माघ अन्तिमदेखि कार्यभार सम्हालेर जिल्लाभरीको अव्यवस्थित जमिन व्यवस्थापन कार्य थालिसकेको छ ।

तर, कर्मचारी नहुँदा समितिका पदाधिकारी स्वयं र ...तिदिन खटेर काम अघि बढाउनु परिरहेको अध्यक्ष खत्रीले बताए । कर्मचारी - बाँकी २ पेजमा

सस्तो मूल्यमा गिफ्टका सामान र गुडीया तालिम



यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री ( गिफ्ट) सुपथ मूल्यमा पाईन्छ। साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ।

प्रोपाईटर :- एनुका राई

*सम्पर्क :- ९८१५७७१०५२*

खुवालुङ गुडीया सप्लायर्स

त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड

### उदयपुरमा कोविड भेरिएन्ट

## आईतबार ९ जना थपिएसँगै संक्रमितत संख्या ४५ पुग्यो

❖ मुलुकी संबाददाता

*उदयपुर, वैशाख १९*

कोविड भेरिएन्टका संक्रमितहरु उदयपुरमा एकपछि अर्को गरी थपिने क्रम जारी छ । यसै क्रममा आईतबार थप ९ जना सक्रमित थपिएका छन् । जिल्ला अस्पतालमा स्वास्थ्य जाँच गर्न आएका १४ मध्ये ३ महिलासहित ९ जनामा संक्रमण पुष्टि भएको हो ।

बिभिन्न ठाउँमा भेटिएका संक्रमितहरुको 'कन्ट्याक्ट ट्रेसिङ'मा परेकाहरुको एन्टीजेन जाँच गर्दा उनीहरु संक्रमित पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ। स्वास्थ्य कार्यालयका अनुसार त्रियुगा नगरपालिकाका ४ जनामा संक्रमण पुष्टि भएको छ भने रौतामाई गाउँपालिकाका ४ जना र चौदण्डीगढी नगर देखिएको छ ।

जिल्ला स्वास्थ्य प्रमुख मोहन सुवेदीका अनुसार त्रियुगा नगरपालिका ६ का २५ र ५४ वर्षीय पुरुष संक्रमित देखिएका छन्। त्यस्तै वडा नं. १० का ३० र ३७ वर्षीया महिला संक्रमित पुष्टि भएका छन् । रौतामाई गाउँपालिका ५ की ५१ वर्षीया महिला तथा २८, ३५ र ६१ वर्षीय पुरुषमा संक्रमण देखिएको छ ।

चौदण्डीगढी ९ का ४२ वर्षीय पुरुषमा पनि कोरोना संक्रमण देखिएको छ । केही दिनअगाडि संक्रमित व्यक्तिसँगको भेटघाट र हेलमेल गरेको खुलेपछि शंका लागेर चेकजाँच गर्दा उनीहरुमा संक्रमण पुष्टि भएको हो । यो सँगै उदयपुरमा कोविड भेरिएन्टका संक्रमित संख्या ४५ पुगेको छ ।

- बाँकी २ पेजमा






त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी ।

**प्रोपाइटरः-थमान चामलिङ राई**

**सम्पर्कः-** ९८४२९७५८७७, ९८१९७३८६८३

*यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ । पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ ।*



पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको ।

प्रोपाइटरः-**बिनोदकुमार पाण्डे**

सम्पर्कः- ९८५२८३०५८२

*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।*

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# हातमा पन्जा, जुता, मास्क खोईत त्रियुगा नगरपालिका ?









*उदयपुरमा....*

जसमा १२ महिला छने भन् भने बाँकी पुरुष । स्वास्थ्य कार्यालयले शनिबारसम्म ३७ जनामा संक्रमण पुष्टि भएको जनाएको छ । शनिबार दिउँसोसम्म २९ संक्रमित रहेकोमा राति संख्या बढेको सुबेदीले बताए । अन्य संक्रमितहरु कटारी नगर पालिकामा २ महिलासहित ४, चौदण्डीगढी नगरपालिकामा १ महिलासहित ५ जना, त्रियुगा नगर पालिकामा ८ महिलासहित २२ पुगेको छ । त्यस्तै बेलका नगर पालिकामा १ पुरुष तथा रौतामाई गाउँपालिकामा १ महिलासहित जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

आईतबार पुष्टि भएका संक्रमितको आधिकारिक रिपोर्ट भने सोमबार दिउँसो मात्र सार्वजनिक हुनेछ ।

स्वास्थ्यले एकदिनपछि मात्र रिपोर्ट सार्वजनिक गर्ने गरकाले आईतबार सार्वजनिक रिपोर्टमा संक्रमितको संख्या ३७ मात्र देखिए पनि वास्तविक रोगी ४५ पुगेका छन् ।

उदयपुरमा हालसम्म १ महिला संक्रमितको मृत्यु भएको छ भने २ जना संक्रमणमुक्त भईसकेका छन् । त्रियुगा ६ जलजलेकी एक महिलाको कोविडकै कारण गत ५ गते विरटनगरमा मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

*भूमि ...*

नभएकैले पदाधिकारीहरु स्थानीयतहसँग समन्वय गरेर जमिनको नापजाँच, सत्यापन र दर्ता पक्रिया थालेको उनको भनाई छ । जिल्लाका ८ वटै स्थानीयतहमा काम सुरु भईसकेको र प्रारम्भिक चरणको काम अन्तिम अवस्थामा पुगेको खत्रीले बताएका छन् ।

किसानले वर्षौंदेखि जोतभोग गर्दै आए पनि आधिकारिक निस्सा लालपुर्जा पाउन नसकेको जमिनको व्यवस्थापन गर्न समितिले स्थानीयतहमार्फत सबैतिर काम थालेको छ। त्यस्तो जग्गाको नापजाँच गर्ने, हो होईन भन्ने पत्ता लगाउन सत्यापन गर्ने तथा दर्ता गरेर किसानको नाममा लालपुर्जा प्रदान गर्न सिफारिस गर्नेसम्म अधिकार पाएको छ । उदयपुरका बेलका, चौदण्डीगढी, कटारी र त्रियुगा नगरपालिकामा यस्ता जमिन झण्डै ७५ प्रतिशत हाराहारी भएको अनुमान समितिले गरेको छ ।

१० जना कर्मचारीको दरबन्दी कायम भए पनि अहिलेसम्म एकैजना कर्मचारी नहुँदा भनेजस्तो छिटो छरितो काम गर्न नसकेको समितिका विज्ञ सदस्य दुर्गानन्द चौधरीले बताए । चौधरीका अनुसार 'भूमिसम्बन्धी ऐन २०२१' ले प्रत्यायोजन गरेको अधिकारभित्र रहेर काम गर्न सातौं तहका १ जना मालपोत अधिकृत, छैठौं तहका एकजना नापी अधिकृत, दुईजना नापी सर्भेक्षक तथा २ जना अमिनको व्यवस्था छ। त्यस्तै एकजना प्रशासन सुब्बा, एकजना लेखापाल तथा कार्यालय सहयोगी र चालक एक(एकजनाको

दरबन्दी कायम गरिएको छ । तर, मन्त्रालयले अहिलेसम्म कोही कर्मचारी नपठाएका कारण काम गर्न बाधा पुगेको छ । समितिले कामकाज थालेको ३ महिना पुग्न लाग्दासम्म सरकारले कर्मचारी नपठाएपछि साताअघि बैठक निर्णय गरी कर्मचारी पठाउन जिल्ला प्रशासन कार्यालयमार्फत पत्राचार गरिएको छ । जिल्ला समितिले आवश्यक व्यवस्थापन गर्न प्रशासन कार्यालयमार्फत माग गर्नुपर्ने प्रावधान अनुसार समितिले पत्राचार गरेको तथा भूमि व्यवस्थापन आयोगकको केन्द्रीय कार्यालयलाई बोधार्थ दिइएको विज्ञ सदस्य चौधरीले बताए । दर बन्दी अनुसारका कर्मचारी सरकारले पठाए काम द्रुत गतिमा अघि बढाउन सकिने समितिले जनाएको छ ।

जिल्ला समन्वय समितिकै भवनमा कार्यालय रहेको समितिले हालसम्म कर्मचारी नहुँदा पदाधिकारी स्वयं खटेर प्रारम्भिक चरणको कामलाई अघि बढाईरहेको जनाएको छ । हालसम्म सबै नगरपालिकामा प्रमुख र गाउँपालिकामा अध्यक्ष संयोजकत्वमा 'भूमिसम्बन्धी सहजीकरण समिति' गठन गरेर काम अघि बढाइएको छ । त्यस्तै वडा सहजीकरण समिति वडाध्यक्षको संयोजकत्वमा प्रत्येक वडामा गठन गरी क्रियासिल गरिएको छ ।

जिल्ला भूमि व्यवस्थापन समितिमा नेपाल सरकारले नियुक्त गरेका अध्यक्ष, विज्ञ सदस्य र महिला सदस्यसहित बिभिन्न सरोकारवाला निकाय प्रमुख तथा प्रतिनिधि पदेन सदस्य रहने व्यवस्था छ । जस अनुसार डिभिजन वन अधिकृत, नापी प्रमुख, भूमिसुधार तथा मालपोत अधिकृत सदस्य र जिल्ला समन्वय अधिकारी सदस्यसचिव रहने व्यवस्था ऐनले गरेको छ ।

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# राजाबास – भाण्टाबारी सडक पिच भयो

❖ मुलुकी संवाददाता

उदयपुर, वैशाख १९

सदरमुकाम त्रियुगा नगरपालिकाका अधिकतर वडाका सडकहरु कालोपत्रे हुने क्रम तिब्र रुपमा अघि बढेको छ। यसै क्रममा त्रियुगा नगरपालिका ८ रावाबासदेखि खाटमन्दिर हुँदै भान्टाबारीसम्म जोड्ने सडक भर्खरै कालोपत्रे भएको छ।

सघन सहरी विकास तथा भवन निर्माण आयोजना सप्तरी राजविराजबाट सञ्चालित ४ किलोमिटर सडक कालोपत्रे भएको हो। सम्झौता भएको डेढवर्षभित्र उक्त सडक स्तरोन्नतिसहित कालोपत्रे भएको हो। राजाबासदेखि खाटमन्दिर हुँदै भान्टाबारी खण्डमा कालोपत्रेसँगै झण्डै १ सय ५० मिटर नाला, स्थानीय खोला खहरेमा कल्भर्ट र ह्युमपाईपसमेत निर्माण भएको छ।



अस्फाल्ट प्रविधिको कालोपत्रे गर्ने काम यसै साता सम्पन्न भईसकेको निर्माणको जिम्मा पाएको जोशी(पवित्र निर्माण कम्पनीका सञ्चालक केदार दाहालले बताए। उनका अनुसार ०७६/०७७ मा निर्माण सम्झौता भएर भईरहेको योजनाको काम समयमै सकिएको हो। काम सकिइसकेकाले अव आयोजना कार्यालयलाई योजना हस्तान्तरण गरेर उद्घाटन गर्ने तयारी भईरहेको दाहालले बताए।

सघन आयोजना कार्यालय सप्तरीले कालोपत्रे निर्माण कार्य समयमै सकिएको र अव हस्तान्तरण मात्र बाँकी रहेको जनाएको छ। आयोजना प्रमुख (डिई) सुरेन्द्रकुमार साहले सडक कालोपत्रे कार्य ४ करोड हाराहारी लागतमा निर्माण भएको बताए। सो सडक कालोपत्रे भएपछि राजाबासदेखि भित्रि भाग हुँदै भान्टाबारी, बागचौरी हुँदै भान्टाबारीसम्म सोझै आउजाउ गर्न सहज हुने छ।

सो सडक बन्नुअघि भान्टाबारीदेखि गाईघाट आउजाउ गर्न चुहाडे हुँदै घुमाउरो बाटो आउजाउ गर्नुपर्ने बाध्यता थियो।

४ मिटर कालोपत्रे, नाला र कल्भर्ट तथा ह्युमपाईपसहित सडक निर्माण भएपछि स्थानीयबासीलाई हिडडुल गर्न सहज हुनुका साथै स्थानीय कृषि उत्पादनलाई बजारसम्म लगेर बिक्री बिरतण गर्न तथा बजारका सामग्री सहजै घर ल्याउन सहज भएको छ।

सडक कालोपत्रे भएकाले ऐतिहासिक थलो खाटमन्दिर आउजाउ गर्न पनि सहज भएको स्थानीय कुलबहादुर कटुवालले बताए। खाटमन्दिरमा दर्शन गर्न र घुमफिरका लागि आउने पर्यटकाल्ई पहिले पैदल हिड्पर्न् बाध्यता केहीवर्षअघि बनेको कच्ची सडकले छोएपछि राहत मिलेकोमा अव सडक कालोपत्रे भएपछि धेरै सहज भएको कटुवालले बताए।

सडक बनेपछि खाटमन्दिर क्षेत्रमा आन्तरिक पर्यटक पनि बढ्ने अपेक्षा गरिएको स्थानीय व्यापारी बाबुराम राईले बताए।

हामी स्थानीय हौं, स्थानीय उत्पादन
नै उपयोग गरौं,
गिरीबन्धु प्लाष्टिकका पाइप !











Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# ललितपुरद्वारा प्रशिक्षक हुमागाई बर्खास्त

❖ बिबेक राई

*गाईघाट, बैशाख १९*

काठमाडौंमा चलिरहेको खुकुरी सुपर लिगमा ललितपुर सिटि एफसिले टोलीका प्रशिक्षक प्रदिप हुमागाईंलाई बर्खास्त गरेको छ । लिगमा खराब प्रदर्शन गरिरहेको टोलीले आईतबार पोखरा थण्डर्ससँग गोलरहित बराबरीको नतिजा निकालेपछि उनलाई बर्खास्त गरिएको हो । ललितपुरले चार खेल खेलिसक्दा तीन अंकका साथ छैटौ स्थानमा छ ।

यस्तो अवस्थामा बाँकी रहेका दुई खेलबाट शीर्ष चार भित्र परेर नकआउट चरण पुग्नु टोलीलाई अब झिनो आशमात्र बाँकी छ।क्लबका मालिक कल्याण गुरुङले भने प्रशिक्षक हुमागाईँसँग अलग हुनुपर्दा पछुतो लागिरहेको बताएका छन् ।

काठमाडौं लगायत देशका ठुला शहरहरुमा रहेको चर्चित सपिङ मार्केट भाटभटेनीको स्वामित्वमा ललितपुरले प्रतियोगितामा भाग लिइरहेको छ ।



*फुटबलप्रति मोह । त्रिनपा १३ थरुहट रंगशाला पुरानो गाईघाटमा फुटबलको अभ्यास गर्दै उदयपुर गाईघाटको महिला फुटबल खेलाडीहरु । तस्विरः बुद्धि चामलिङ ।*

प्रशिक्षक हुमागाइँपछि अब टोलीको बाँकी खेलको लागि प्रशिक्षकको जिम्मा सहयाक प्रशिक्षक राजु तामाङले लिने छन्। अहिलेसम्म टोलीले एक जित पनि निकाल्न सकेको छैन। उद्घाटनको पहिलो खेलमै काठमाडौँलाई १(० को नतिजा सुम्पिएको ललितपुरले त्यसपछिका सबै खेल बराबरी खेलेको थियो ।

दोस्रो र तेस्रो खेलमा चितवन र धनगढिसँग १(१ को बराबरी खेल्दा दुवै खेलमा पेनाल्टी पाएरपनि गोल गर्नु नसक्दा टोली बराबरीमै रोकिनुपरेको थियो । चौथो खेलमा पनि पाएका अवसर सदुपयोग गर्नु नसक्दा टोलीले पोखरा थण्डर्ससँग गोलरहित बराबरी खेल्यो। जारी लिमा यो दोस्रो गोलरहित बराबरी हो । यसअघि पोखराले नै काठमाडौँसँग गोलरहित बराबरी खेलेको थियो । आठौँ मिनेटमा आयुष घलानको पासमा कप्तान नवयुग श्रेष्ठले गोल गर्न सकेको भए आईतबारको खेलमा पोखराले बाजी मार्न सक्थ्यो ।

नवयुगले आफूसँगै रहेका विपक्षी एक डिफेन्डरलाई कुनै मौका नदिई गरेको प्रहार थोरैले दायाँ पोलबारको छेउ हुँदै बाहिरिएको थियो । गोलको खोजीमा ललितपुरले २५ औं मिनेटमा खेलाडि परिवर्तन पनि गऱ्यो। नविन लामालाई निकाल्दै गौरभ बुढाथोकीलाई मैदान पठाएपनि खेलमा केहि प्रभाव परेन ।

८७ औं मिनेटमा पोखराका केचा यानिकले रञ्जन विष्टलाई फाउल गर्दा ललितपुरले फ्रिकिक र यानिकले खेलको एकमात्र पहेँलो कार्ड पाएका थिए । अन्तिम अवसरको यस फ्रिकिकलाई सदुपयोग गर्न सकेको भए नतिजा ललितपुरको पनि हुनसक्थ्यो ।

पोखराका आयुषले निभिया इमर्जिङ प्लेयर हुँदै गिफ्ट ह्याम्पर र नगद दश हजार तथा ललितपुरका प्रवेशले हवावे सुपर प्लेयर हुँदै टूफि र पच्चिस हजार हात पारे ।



*आईतबार गाईघाट मुख्यचोकको नालीको ब्वाङ टाल्न को लागि ढलान सुरु भएको छ ।*

*तस्विरः मुलुकी*


## बिक्रिमा

## चलिरहेको होटल बिक्रिमा




गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला। सम्पर्क –९८४२९९४३३०




## स्थानीय उत्पादन उपयोग गरौं,

## रौता साबुन नै प्रयोग गरौ !



## हामी सबैको

## रोजाइ रौता साबुन





माझखर्क साप्ताहिकको सह प्रकाशन मुलुकी

प्रकाशक/संस्थापक संपादकः महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नम्बर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/www.mulukikhabar.com
मुद्रण :माझखर्क अफसेटप्रेस, गाईघाट